# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मालिका गाउँपालिका
## म्याग्दी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ९७

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी ।

**कैफियत सहितको राय**

हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड २० लाख ३६ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८/७/१२ मा प्राप्त प्रतिक्रियाबाट रू.८० लाख ४५ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१३ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख ३८ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २० लाख २५ हजार रहेको छ ।गतवर्ष रु. २ करोड ६५ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ८७ लाख १५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

मालिका गाउँपालिका, म्याग्दी

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>७४</td><td>५०</td><td>२२०३६</td><td>-</td><td>१७</td><td>८०४५</td><td>७४</td><td>३३</td><td>१३९९१</td><td>१३२८</td><td>१२०२५</td><td>६३८</td><td>-</td><td>-</td><td>१२६६३</td><td>-</td></tr>
</table>

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | २६५५१ | - | १८२७ | २४७२४ | - | १३९९१ | ३८७१५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मालिका गाउँपालिका, म्याग्दी , मालिका गाउँपालिका , म्याग्दी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुर्यलाल विश्वकर्मा | २०७७-४-१ | |
| कार्यालय प्रमुख | विष्णु प्रसाद पौडेल | २०७७-८-१८ | |
| कार्यालय प्रमुख | हेमराज काफ्ले | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सागर पौडेल | २०७८-१२-२२ | |
| लेखा प्रमुख | Phanindra Prasad Acharya | २०७६-९-१५ | २०७८-१२-१८ |
| | | **बेरुजु रकम** | १३,९९०,६९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,२३,१९,३६५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,१५,९२,४६३ | चालु खर्च | २०,९५,५६,७७५ |
| प्रदेश सरकारबाट अनुदान | २,३१,२९,८२२ | पूँजीगत खर्च | १५,३१,०५,२०५ |
| राजश्व बाँडफाँट | २५,९५,४०९ | वित्तीय/अन्य व्यवस्था | १,४५,६०,७८७ |
| आन्तरिक आय | ६,३५,५६,१५३ | | |
| अन्य आय | २,९९,४४,२५३ | | |
| कुल आय | ४२,०८,१८,१०० | कुल खर्च | ३७,७२,२२,७६७ |
| बाँकी मौज्दात | | १०,५९,१४,६९९ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मालिका गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा,37 सभा सदस्य,147.17वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।<br>उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू,व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाईप्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट कायम भएका व्यहोराहरू निम्नानुसार छन्:<br>**फिर्ता दाखिला -** आर्थिक वर्ष २०७७।७८ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फ रु.2,01,30,250।98 मिति 2078/3/30 मा संघीय विशेष अनुदानतर्फको रु.77,72,839।99 मिति 2078/3/30 मा संघीय समपुरकतर्फको रु.9,74,245।96 मिति 2078/4/3 मा र प्रदेश सशर्ततर्फको रु.1,41,125।- मिति 2078/3/30 मा गरी जम्मा रु.2,90,18,461।40 र सामाजिक सुरक्षातर्फको निकासा फिर्ता रु.16,58,325।- मिति 2078/5/9 र 5/13 मा समेत कुल रु.3,06,76,786।40 नेपाल बैङ्क लि. बेनी शाखामा दाखिला भएको छ ।<br>**वित्तीय विवरण विश्लेषण:**<br>**वित्तीय विवरण**<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• लेखापरीक्षणका क्रममा पेस्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय तहले विभाज्य कोषको हिसाब व्यवस्थित राखेको पाईएन । प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु.७ लाख मौज्दात राखेको पाईयो ।<br>• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.10,51,71,264।25 मध्ये राजस्व खाता र सञ्चित कोष खातामा रु.7,57,825।25 र सञ्चित कोष र खर्च खातामा रु.2,62,80,320।40 बैंक कारोवारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।<br>• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनवबीच समरुपता देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन । <br> • पालिकाबाट लेखा परिक्षणको लागी पेस भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार बाँकी रु.6,20,86,689।08 देखाएकोमा पालिकाले पेस गरेको वित्तीय विवरण म.ले.प. फा.नं. २७२ मा रु.10,59,14,699।58 देखिन्छ । वित्तीय प्रतिवेदन र बैंक नगदी किताबबीच रु.4,38,28,010।50 फरक देखिएको छ । यस सम्बन्धमा यकिन हुनुपर्दछ । लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको** <br> स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.7,04,38,820।25 मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.6,23,19,365।36 जिम्मेवारी सारेको देखियो। जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.81,19,454।89 घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ८,११९,४५४.८९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु.1,52,85,716।34 फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>1</td><td>चालु खर्च खाता</td><td>0</td><td>17589474.24</td><td>17589474.24</td></tr>
<tr><td>2</td><td>पुँजीगत खर्च खाता</td><td>2738142</td><td>48092198.79</td><td>45354056.79</td></tr>
<tr><td>3</td><td>विविध खर्च खाता</td><td>2113786.5</td><td>2579691.89</td><td>465905.39</td></tr>
<tr><td>4</td><td>धरौटी खाता</td><td>3458756.31</td><td>3474756.31</td><td>16000</td></tr>
<tr><td>5</td><td>सञ्चित कोष खाता</td><td>62086689.08</td><td>15783930.39</td><td>-46302758.69</td></tr>
<tr><td>6</td><td>विविध कोष खाता</td><td>6609186.86</td><td>4425096.86</td><td>-2184090</td></tr>
<tr><td>7</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>2642208.33</td><td>2989336.94</td><td>347128.61</td></tr>
<tr><td></td><td>जम्मा</td><td>79648769.1</td><td>94934485.4</td><td>15285716.3</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तारिक नियन्त्रण प्रणाली<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 9 ऐन, 1 नियमावली, 13 कार्यविधि र 2 निर्देशिका समेत 25 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उक्त कानुनरू 25 वटा नै राजपत्रमा प्रकाशन भएको देखिन्छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण शाखाबाट तलबी प्रतिवेदन पारित गरी खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकामा कुल दरबन्दी ३३ जना रहेकोमा २३ पदपूर्ति भई १० रिक्त देखिएको छ। रिक्त मध्ये २ जना करारबाट पदपूर्ति भएको देखिन्छ ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• मौजुदा सूचीमा दर्ता भएका सेवा प्रदायकबाट मात्र खरिद गर्नुपर्नेमा कतिपय टुक्रा खरिद सूचीमा दर्ता नभएकासँग पनि गर्ने गरेको ।<br>• योजना कार्यान्वयनको कार्यतालिका नबनाएको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>सेवा प्रवाह<br>लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।<br><table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</th></tr>
<tr><td>1</td><td>जन्म दर्ता</td><td>831</td></tr>
<tr><td>2</td><td>मृत्यु दर्ता</td><td>159</td></tr>
<tr><td>3</td><td>बसाईसराई दर्ता</td><td>47</td></tr>
<tr><td>4</td><td>नागरिकता सिफारिस</td><td>482</td></tr>
<tr><td>5</td><td>अन्य निवेदन सिफारीस</td><td>3826</td></tr>
<tr><td>6</td><td>घरबाटो सिफारिस</td><td>116</td></tr>
<tr><td>7</td><td>नक्सा पास</td><td>4</td></tr>
<tr><td>8</td><td>नाता प्रमाणित</td><td>245</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री खरमाया बितालुले २०७७।3।10 गते रु.46 करोड 95 लाख 77 हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७७।3।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।3।15 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
अबण्डा बजेट<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.46 करोड 95 लाख 77 हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाउँसभाको २०७।9।29 को निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणहरूः
<table>
<tr><th>सि.नं.</th><th>अवण्डा शीर्षक</th><th>रकम</th><th>अवण्डाबाट खर्च</th></tr>
<tr><td>1</td><td>सडक तथा पूर्वाधार</td><td>63300</td><td rowspan="11">पुँजीगत तर्फको पुँजीगतमा नै र चालु तर्फको चालु तर्फ नै खर्च भएको छ ।</td></tr>
<tr><td>2</td><td>सिँचाइ</td><td>1500</td></tr>
<tr><td>3</td><td>भवन निर्माण</td><td>547800</td></tr>
<tr><td>4</td><td>सामाजिक विकास</td><td>278400</td></tr>
<tr><td>5</td><td>शिक्षा</td><td>6000</td></tr>
<tr><td>6</td><td>स्वास्थ्य</td><td>1000</td></tr>
<tr><td>7</td><td>खानेपानी</td><td>597600</td></tr>
<tr><td>8</td><td>युवा खेलकुद</td><td>2000</td></tr>
<tr><td>9</td><td>कृषि</td><td>8620</td></tr>
<tr><td>10</td><td>पर्यटन</td><td>6370</td></tr>
<tr><td>11</td><td>चालु</td><td>55000</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा 1567590 | |
| ८ | | | **कार्यक्रम परिवर्तन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय अनुसार गाउँसभाबाट अनुमोदन तथा कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो । | |

| सि.नं. | मौजुदा कार्यक्रम | रकम (हजारमा) | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | विभिन्न १३ योजना (चालु र पुँजीगत) | 5000 | विभिन्न ४० योजना (चालु र पुँजीगत) | 3830 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1 | पुँजीगत | 153105 | 12229 | 27681 | 113194 | 80974 |
| | खर्च प्रतिशत | | 7.98 | 18.07 | 73.93 | 52.88 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>52474160</td><td>31125509</td><td>8.55</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>196756000</td><td>172879072</td><td>47.48</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>117351000</td><td>89747406</td><td>24.65</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित</td><td>22600000</td><td>17524659</td><td>4.81</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>80396486</td><td>52797553</td><td>14.5</td></tr>
<tr><td>जम्मा</td><td>469577646</td><td>364074199</td><td>100</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
खर्च विश्लेषण<br>
पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.31,14,381।- राजस्व बाँडफाँड र अनुदानबाट रु.38,71,64,500।- समेत रु.42,08,18,101।- आम्दानी भएकोमा चालु तर्फ रु.2,109,68,995।- र पुँजीगत तर्फ रु.15,31,05,205।- समेत रु.37,72,22,767।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.82 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.79,95,600।- खर्च भएको छ जुन आन्तरिक आयको 256.73 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 54.49 प्रतिशत चालु र 39.54 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।<br>
११.१ कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु.31,14,381।- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.5,27,97,553।- रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा 16.95 गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीस् थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | 20 | 1982761 |
| २ | रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना | 98 | 27259000 |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | 23 | 17821000 |
| ४ | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | 22 | 56392625 |
| ५ | रु.५० लाख भन्दा माथिका | 2 | 11350000 |
| | जम्मा | 165 | 114805386 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसार योजना सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **प्रगति विवरण नभएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित 160 योजनाहरू समेत कुल 165 योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>**कर्मचारी करारः**<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 8 पदमा 25 जना कर्मचारीहरू करारमा राखी रु.43,27,990।- खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको १ जना सूचना अधिकृतको 25 प्रतिशतमा रु.1,16,967।- र ८ जना प्रा.स.को ५० प्रतिशतमा रु.13,83,720।- खर्च लेखेको छ । सो बाहेक सा.प १ र स.व.इ. १ गरी २ पदको २ जना करार नियुक्ति गरी वर्षभरीमा रु.7,17,852।- भुक्तानी गरेको छ । | |
| १६ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष 23 विवाद दर्ता भएकोमा 22 वटा फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **आन्तारिक लेखापरिक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको अन्तर सरकारी अख्तियारीतर्फ कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दी र अन्य कारोबारको आन्तरिक लेखापरीक्षण शाखा गाउँपालिकाबाट लेखापरीक्षण भएको देखिन्छ । आन्तरिक लेखापरीक्षण बेरुजु फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ । | |
| १८ | | | **पदाधिकारी सुविधा**<br>**स्वकीय सचिव**<br>:<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर अध्यक्षको स्वकीय सचिवका रुपमा रु.26,610।- रा.प. द्वितीय स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री लोककुमार पुनलाई नियुक्त गरी मासिक रु.26,610।- का दरले भुक्तानी गरेको रु.3,45,930।- खर्च लेखको छ । | |
| १९ | | | **पदाधिकारी सुविधा**<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2076 को अनुसूची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले सवारी इन्धमा रु.3,42,000.00, मोविलमा रु.81,600.00, यातायात सुविधामा रु.93,600.00, पत्रपत्रिकामा रु.11,70,000.00, टेलिफोनमा रु.11,70,000.00, अतिथि सत्कारमा रु.1,51,800.00, अनुगमनमा रु.19,56,000.00 र समन्वय सहजीकरणमा रु.8,22,000.00 गरी रु.79,95,600.00 पदाधिकारी सुविधामा खर्च गरेको देखियो । | |
| २० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु.29,46,677।- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार तथा राहत प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१० लाख आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुदान प्राप्ति विवरण<br>अनुदानको अनुगमन<br>:<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, अनुदानमा रु.37,24,900।- खर्च लेखेका छन् । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रमको नाम</th><th>वितरण संख्या</th><th>अनुदान प्रतिशत</th><th>अनुदान रकम</th></tr>
<tr><td>1</td><td>कृषि बिउविजन तथा विषादी खरिद</td><td></td><td>100</td><td>492000</td></tr>
<tr><td>2</td><td>च्याउ खेती बिस्तार</td><td>4</td><td>50</td><td>68000</td></tr>
<tr><td>3</td><td>किटबक्स खरिद</td><td>1</td><td></td><td>50000</td></tr>
<tr><td>4</td><td>किवी विरुवा खरिद तथा वितरण</td><td>560</td><td>75</td><td>200000</td></tr>
<tr><td>5</td><td>थ्रेसर मेसिन खरिद</td><td>14</td><td>75</td><td>619500</td></tr>
<tr><td>6</td><td>मिनिटेलर खरिद</td><td>25</td><td>75</td><td>1046250</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | | |
|---|---|---|---|---|
| 7 | कुटानी पिसानी मिल खरिद | 5 | 75 | 165000 |
| 8 | टनेल खरिद | 94 | 75 | 594000 |
| 9 | सुन्तला खेती व्यवस्थापन सामग्री खरिद | | 50 | 150000 |
| 10 | चल्ला खरिद | 10 | 75 | 340150 |
| | | | जम्मा | 3724900 |

२३

**पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु4,83,820।- भुक्तानी दिएको पाईयो । केही उदाहरणहरू निम्न छन्:

| गो.भौ.नं. र मिति | प्रयोजन | रकम |
|---|---|---|
| 30/2077/10/5 | कार्यालय सामान | 63600 |
| 32/2077/10/7 | राहत सामग्री खरिद | 22700 |
| 33/2077/10/7 | वडा कार्यालय खर्च | 145500 |
| 5/2077/6/26 | कार्यालय सामान | 27010 |
| 23/2077/10/5 | कार्यालय सामान | 19775 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>40/2077/11/3</td><td>ढुवानी भाडा</td><td>65000</td></tr>
<tr><td>44/2077/11/4</td><td>राहत सामग्री वितरण</td><td>9250</td></tr>
<tr><td>46/2077/11/7</td><td>कार्यालय सामान</td><td>30780</td></tr>
<tr><td>69/2077/12/11</td><td>कार्यालय सामान</td><td>15255</td></tr>
<tr><td>99/2077/12/26</td><td>कार्यालय सामान</td><td>81360</td></tr>
<tr><td>145/2078/3/7</td><td>कार्यालय सामान</td><td>3590</td></tr>
<tr><td></td><td>जम्मा</td><td>483820</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर दस्तुर एवं आन्तरिक आय**<br>**कर तथा शुल्क असुली**<br>:<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br>[तालिका तल]<br>पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्त गरेको देखियो । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| २५ | | | **आय ठेक्का**<br>मालिका गाउँपालिकाका विभिन्न ५ वटा बगरबाट रु.6,59,219।- नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्न बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरेकोमा सबैभन्दा बढी कबोल गर्ने सोमरस निर्माण सेवाले मू.अ. कर बाहेक रु.13,21,500।- कबोल गरी मिति 2077/6/21 गते सम्झौता गरेकोमा निज निर्माण सेवाले रु.5,00,000।- मात्र बुझाएकोले सम्झौताको शर्त अनुसार मूल्य अभिवृद्धि कर समेत बुझाउन बाँकी रु.9,93,295।- निर्माण सेवाबाट सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नेपर्ने रु.<br>( उक्त बेरुजु रकम रु ८२१५०० कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फस्र्यौट गरिएको) | १७१,७९५ |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर/मालपोत कर | 250000 | 299897 | 119.95 |
| घरबहाल कर | 350000 | 348282 | 99.5 |
| व्यवसाय कर | 450000 | 336025 | 74.67 |
| जम्मा | 1050000 | 984204 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>राजस्व बाँडफाँड<br>स्थानीय तहले आर्थिक ऐन असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्दछ ।<br><table><tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr><tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>700000</td><td>280000</td><td>0</td><td>280000</td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>गिट्टी, ढुंगा बालुवाको कर<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसवर्ष रु.7,00,000।- राजस्व प्राप्त गरेकोमा विभाज्य कोषमा नै बाँडफाँड गर्न बाँकी देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>रकम ढिला दाखिला गर्ने<br>गाउँपालिकाले नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्दछ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **२९**<br>आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्दछ। कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु.31,14,381।- गरेको विवरण प्राप्त भएको छ। गाँउपालिका कार्यालय र ७ वटा वडा कार्यालयहरूले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरू र बाकी रहेका रसिदहरूको अभिलेख अद्यावधिक गरेको छैन। तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७, १०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन। • आन्तरिक आयमा प्रयोग हुने रसिदहरूको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित नरहेको, • गत आ.व.मा छपाई भएका नगदि रसिदहरू समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाँकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको, | |
| ३० | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**उपभोक्ता समिति दर्ता**<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न 160 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.8,88,83,181।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| ३१ | | | **हेभि इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| कार्यक्रम/भौ.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| प्रदेश हस्तान्तरित कार्यक्रम | दुखु लेकदेखि हिदी जोड्ने मोटरबाटो निर्माण उपभोक्ता समिति | मोटरबाटो निर्माण | 2092251 | एक्साभेटर (छहरे देउराली निर्माण सेवा प्रा.लि. पर्वत) | 2036083 |
| प्रदेश हस्तान्तरित कार्यक्रम | | | 1487570 | | 1367996 |
| 4-077/6/21 | दरवाङ्ग खारा विम सडक निर्माण उ.स. | सडक | 5100000 | एक्साभेटर | 2731336 |
| 7-077/6/26 | दरवाङ्ग दिव्याम सडक सडक निर्माण उ.स. | सडक | 955000 | एक्साभेटर | 1028695 |
| 20-077/9/27 | वाईत्राफाँट मालिका मन्दिर सडक निर्माण उ.स. | सडक | 2215215 | एक्साभेटर | 1405378 |
| 230-078/3/23 | फेदी फलाटे सडक निर्माण उ.स. | सडक | 1000000 | एक्साभेटर | 1103608 |
| 237-078/3/24 | थापाचौर देवस्थान सडक निर्माण उ.स. | सडक | 3880000 | एक्साभेटर | 477780 |
| 239-078/3/31 | दरवाङ्ग निस्कोट सडक निर्माण उ.स. | सडक | 2897786 | एक्साभेटर | 1310668 |
| 310-078/3/31 | दिच्याम दुखु मालिका सडक निर्माण उ.स. | सडक | 5254820 | एक्साभेटर | 5440809 |
| | जम्मा | सडक | 24882642 | | 16902353 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| 32 | | | जटिल संरचना निर्माण | |

**जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | ठेगाना | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| शिद्ध आमा भवन निर्माण उ.स. | मालिका-१ | भवन निर्माण | 585194 |
| औलेनी सडक स्तरोन्नति उ.स. | औलतेली | सडक स्तरोन्नति | 3685726 |
| अधिभारा औल सडक स्तरोन्नति उ.स. | औल | सडक स्तरोन्नति | 1900000 |
| महभिर दलित भवन निर्माण उ.स. | महभिर | भवन निर्माण | 522500 |
| ओखरबोट मा.वि. खेलमैदान उ.स. | ओखरबोट | खेल मैदान | 639619 |
| जुग्जा विद्युत मर्मत उ.स. | जुग्जा | विद्युत मर्मत | 178838 |
| दिच्याम खेल मैदान उ.स. | दिच्याम | खेल मैदान | 882243 |
| तल्लो गाउँ खेल मैदान उ.स. | तल्लोगाउँ | खेल मैदान | 1204035 |
| खारा बाल शिक्षा भवन निर्माण उ.स. | खारा | भवन निर्माण | 570000 |
| | | जम्मा | 10168155 |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| 33 | | | उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य | |

**उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य**

सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने रु लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्क्षय रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी उपभोक्ता समितिमार्फत गराई रु. 25,37,836।- भुक्तानी गरेको छ ।

| भौ.नं.र मिति | निर्माण कार्य | लागत अनुमान | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 22-077/9/29 | शिव आ.वि.-4 मर्मत | 320566 | 320566 | 300000 |
| 63-077/12/4 | अमरज्योती मा.वि.-3 ग्राउण्ड मर्मत | 522584 | 444879 | 429370 |
| 103-078/1/6 | खर्वाङ्ग आ.वि. मर्मत | 313784 | 313784 | 300000 |
| 106-078/1/8 | शिव ब.वि.-4 मर्मत | 261314 | 261915 | 250000 |
| 120-078/1/26 | महाविर आ.वि. मर्मत | 209302 | 209302 | 200000 |
| 141-078/3/6 | जनज्योती आ.वि. मर्मत | 157723 | 133044 | 127703 |
| 159-078/3/16 | राष्ट्रिय मा.वि. मर्मत | 107239 | 107939 | 100000 |
| 174-078/3/16 | गोरक्ष आ.वि. मर्मत | 418222 | 407041 | 389840 |
| 182-078/3/17 | सरस्वती आ.वि. प्लाष्टर | 195631 | 195631 | 186059 |
| 204-078/3/20 | निस्कोट मा.वि व्यवस्थापन | 313542 | 265536 | 254864 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | 2819907 | 2659637 | 2537836 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **जनश्रमदान** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो कट्टी गरेको नदेखिएको देहायअनुसारको रकम असुल हुनुपर्ने रु. | ८६,२०६ |

| गोभौनं./मिति | निर्माण कार्य | विल रकम | उपभोक्ताले व्यहोर्ने | उपभोक्ताले व्यहोरेको | घटी कट्टी रकम |
|---|---|---|---|---|---|
| 52-077/11/18 | तल्लो गाउँ डाडागाउँ सिरम्बोट सडक | 497935 | 49793 | 47934 | 1859 |
| 82-077/12/24 | खवाङ् ताराखोला सडक | 475798 | 47579 | 45532 | 2047 |
| 82-077/12/26 | जेम पाल्ने सडक | 2454964 | 245496 | 234560 | 10936 |
| 85-077/12/26 | मालिवोट ढलनिकास | 655840 | 65584 | 59638 | 5946 |
| 92-077/12/26 | खहरेखोला पदमार्ग | 278370 | 27837 | 26758 | 1079 |
| 94-077/12/26 | ढुनाट सिंचाई | 486432 | 48643 | 46661 | 1982 |
| 144-078/3/7 | फुलवारी सोरवोट नुनथला ओखरबोटे सडक | 3563811 | 356381 | 347418 | 8963 |
| 181-078/3/17 | शेरेधान धुल्वाङ् वत्वाङ् सडक | 452223 | 45222 | 43717 | 1505 |
| 186-078/3/17 | खारा खानेपानी निर्माण | 497298 | 49729 | 47298 | 2431 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 218-078/3/21 | भरयाङ् खानेपानी निर्माण | 495680 | 49568 | 45680 | 3888 |
| 237-078/3/24 | थापाचौर देवीस्थान सडक | 4125632 | 412563 | 405632 | 6931 |
| 239-078/3/24 | दरवाङ्ग निस्कोट सडक | 2893288 | 289328 | 275500 | 13828 |
| 310-078/3/31 | दिच्याम- दुखु मो.वा. | 5317309 | 531730 | 499988 | 31742 |
| | जम्मा | 22194580 | 2219453 | 2126316 | 93137 |

( उक्त बेरुजु रकम रु ६९३१ कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योट गरिएको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **खरिद व्यवस्थापन** | ३,१११,२३३ |

**सोझै खरिद**

:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| 1. | फर्निचर तथा फिक्चर्स | 993864 |
| 2. | मेशिनरी औजार | 4933469 |
| | जम्मा | 5927333 |

( उक्त बेरुजु रकम रु २८१६१०० कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योट गरिएको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **डिपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | रु. हजारमा | | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु. |
|---|---|---|---|---|
| | | स्वीकृत रकम | खर्च रकम | |
| DPR of Multippurpose Covered Hall | Indrawati Engi<br>eering Solutions Pvt. Ltd. | 5000 | 497 | 48387215 |
| DPR of Primary Health Post | Moulakalika Engineering Solution Pvt. Ltd. | 5000 | 496 | 2351487 |
| आवधिक योजना निर्माण | Accountability Initiative Pvt. Ltd. | 10000 | 390 | |
| DPR of Malika Football Stadium | Sarbottam Engineering<br>olution Pvt. Ltd. | 5000 | 497 | 88990860 |
| IEE for Construction of River Training Works | Gyandevi Engineering Consultancy Pvt. Ltd. | 5000 | 493 | |
| | जम्मा: | 30000 | 2373 | 139729562 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू चालु आ.व. मा कार्यान्वयनमा गएको देखिएन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभैm खरिद गरी रु.23,71,000।- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ३८ | | | **सवारी साधन खरिद**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 3 थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.7,85,200।- खर्च गरेको छ । | |
| ३९ | | | **सफ्टवेयर खरिद**<br>गाउँपालिकाबाट रु.4,94,940।- को राजस्व सम्बन्धी सफ्टवेयर खरिद गरी सञ्चालन रहेको देखिन्छ । उक्त सफ्टवेयर सम्बन्धित विभागीय स्वीकृति लिएको देखिएन । | |
| ४० | | | **पूँजिगततर्फ**<br>**सक्कल बिल विजक**<br>:<br>12/2078/3/29 गाउँपालिकाले स्थानीय पाठ्यक्रम कक्षा 1-3 को निर्माण गरेवापत इन्टरनेशनल रिसर्च ट्रेडिङ्ग एण्ड डेभलेपमेन्ट प्रा.लि. ललितपुर (606543613) लाई रु.2,21,000।- मा मू.अ. कर रु.28,730।- समेत रु.2,49,730।- भुक्तानी खर्च लेखको देखिन्छ । उक्त भुक्तानीको सक्कल बिल विजक संलग्न नभएकोले मू.अ. कर समायोजन पेस हुनुपर्ने रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योट गरिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **बहुउदेश्यीय सभाहल**<br>दरबाङ बजार मालिका गाउँपालिका, म्याग्दीमा बहुउद्देश्यीयय सभाहल भवन निर्माण कार्य ठेक्का नं. MRM/MGD/NCB/Works/076/77-03 बाट गर्नको लागि रु.1,24,86,465।97 को ल.ई. तयार गरी आ.व. 2076/ 77 मा ठेक्का व्यवस्थाका लागि विद्युतीय बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरी पर्न आएका बोलपत्र मध्ये सबैभन्दा बढी अङ्क रु.1,19,92,461।68 (मू.अ. कर समेत) कबोल गर्ने जयलक्ष्मी निर्माण सेवा बागलुङको बोलपत्र स्वीकृत गरी मिति 2078/ 2/ 5 सम्ममा सम्पन्न गर्ने गरी मिति 2076/ 11/ 15 मा सम्झौता भएको पाइयो । निर्माण व्यवसायीले मिति 2078/ 2/ 10 मा निर्माण कार्यसम्पन्न गरी As Built Drawing पेस गरेपश्चात कार्यालयले कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको छ । उक्त कार्यको लेखापरीक्षणबाट निम्न व्यहोरा देखिएका छन्: | |
| ४१.१ | | | निर्माण कार्यको सम्झौता गर्दा कार्यसम्पादन जमानत पेस गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावलीको नियम ११० मा गरेको छ । सो व्यवस्था अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) को अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यसम्पादन वापत राखेको रु.6,00,000।- को जमानतको म्याद 2079/3/10 (June 24 2022) सम्मको हुनुपर्नेमा प्रभु बैङ्कको बैङ्क ग्यारेन्टी नं. P07301p163867 मिति 2020/2/25 म्याद 13th day of May 2022 (2079/1/30) सम्मको मात्र भएकोले उक्त बैङ्क जमानतको म्याद 2079/3/10 सम्म बढाउनुपर्ने देखिएको रु. | ६००,००० |
| ४१.२ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 125 को उपनियम 2 बमोजिम कुनै निर्माण कार्यसम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाचबुझ गराइ कार्यसम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा सो प्रतिवेदन तयार गरेको नपाइएकोले कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ । | |
| ४१.३ | | | लेखापरीक्षणको क्रममा उक्त भवनको स्थलगत निरीक्षण गर्दा नदी किनारबाट करिब ५० मिटरको दुरीमा रहेको, भवनको २ साइडमा पेटी, नाली नभएको, टिनको छाना र २ साइडमा पालिसमेतको १ तल्ले, २ चेञ्चिङ्ग कोठा र २ ट्वाइलेट भएको र उक्त भवन अस्थायी आइशोलेसन केन्द्रको रुपमा समेत प्रयोग भएको देखिएको छ । सभाहल भवनको कम्पाउण्ड वाल नभएको र नदी किनारामा रहेकोले पालिकाबाट भवनको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२ | | | 286/2078/3/29 मालिका गाउँपालिका अन्तर्गतका विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू खरिद गरी वितरण गर्न विद्युतीय माध्यमबाट शिल्डकोटेशन माग गरी सबैभन्दा घटी रकम रु.7,74,975।- (मू.अ. कर बाहेक) कबोल गर्ने खहरेखोला इन्टरप्राइजेज गोठाटार, भक्तपुरको शिल्डकोटेशन स्वीकृत गरी सामान खरिद पश्चात रु.8,75,721।- भुक्तानी भएको छ । खरिद गरेको निम्न शैक्षिक सामग्रीहरू विद्यार्थीहरूलाई वितरण गरेको भरपाई पेस गर्नुपर्ने रु.<br>सि.नं. \| सामानको विवरण \| परिमाण<br>1 \| कापी \| 6488 गोटा<br>2 \| डट्पेन \| 736 गोटा<br>3 \| पेन्सिल \| 7282 गोटा<br>4 \| इरेजर \| 4406 गोटा<br>5 \| पेन्सिल कटर \| 765 गोटा<br>6 \| स्कुल व्याग \| 765 गोटा<br>7 \| ट्र्याकसुट \| 765 गोटा<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फस्र्यौट गरिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **भरपाई नभएको**<br>214/2078/3/26 १५ वटा सामुदायिक विद्यालयहरूका छात्राहरूलाई स्यानेटरी प्याड वितरण गर्न विद्युतीय सिलबन्दी दरभाउपत्र माग गरी सबैभन्दा घटी कबोल गर्ने के. एन. के. सर्जिकल एण्ड बायोमेडिकल हाउसबाट 17650 प्याकेट खरिद गरी रु.5,88,163।- भुक्तानी भएको छ । खरिद गरिएको निम्न संख्याका स्यानितरी प्याड निम्न विद्यालयमा वितरण गर्ने भनेकोमा वितरण नभई बाँकी रहेकोले वितरण गरेको भरपाई पेस गर्नुपर्ने रु. | |

| सि. नं. | विद्यालय | बोरा संख्या | प्याकेट | प्रति प्याकेट दर | रकम |
|---|---|---|---|---|---|
| 1 | निस्कोट माध्यमिक विद्यालय | 6 | 720 | 33.32 | 23990.4 |
| 2 | राष्ट्रिय माध्यमिक विद्यालय | 15 | 1800 | 33.32 | 59976 |
| 3 | जनजागृति आधारभूत विद्यालय | 3 | 360 | 33.32 | 11995.2 |
| 4 | सिद्धार्थ माध्यमिक विद्यालय | 9 | 1080 | 33.32 | 35985.6 |
| 5 | भिम माध्यमिक विद्यालय | 12 | 1440 | 33.32 | 47980.8 |
| 6 | गौ बोम वस्त माध्यमिक विद्यालय | 13 | 1560 | 33.32 | 51979.2 |
| 7 | भगवती आधारभूत विद्यालय | 5 | 600 | 33.32 | 19992 |
| | जम्मा | 63 | 7560 | | 251899.2 |

( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योंट गरिएको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अन्य कार्यालयको खर्च**<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याई राख्नुपर्नेछ । अन्य कार्यालयको निर्माण तथा खरिद कार्यमा भएको खर्च रु.1,49,975।- यस पालिकाबाट खर्च व्यहोरिएको छ । अन्य कार्यालयको लागि खर्च लेख्ने कार्यमा नियन्त्र गर्नुपर्दछ । | |

| भौ.नं.र मिति | कार्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| 24-077/10/5 | गलेश्वर सशस्त्र प्रही कार्यालय, म्याग्दी | ट्रष्ट हल निर्माण | 80000 |
| 275-078/3/29 | जिल्ला प्रहरी कार्यालय, म्याग्दी | आल्मुनियम ग्रिल र स्टील खरिद | 69975 |
| | | जम्मा | 149975 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **टकिङ्ग टिचर सेट खरिद**<br>(190-078/1/8) गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। अंग्रेजी शिक्षा डिजिटाईशन अन्तर्गत टकिङ्ग टिचर सेट 8 वटा प्रति सेट रु.65,000.00 का दरले सिद्ध आ.वि.-1, खवाङ आ.वि.-4,गोरक्ष आ.वि.-3, मालिका आ.वि.-7, देउराली आ.वि.-2, लक्ष्मी आ.वि.-5 र भगवती आ.वि.-2 गरी ८ विद्यालयले खरिद गरेको देखिन्छ। विद्यालयले खरिदबाट प्राप्त भएका मालसामान जिन्सी दाखिला गरेको छैन । टकिङ्ग टिचर सेट जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको ) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **ग्याविन जालीमा बढी दर**<br>(20-077/9/27) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । विभिन्न ग्याविन जालीको (Gabin box, Assembling, filling समेत) जिल्लादररेट तयार भएको देखिन्छ । उक्त ग्याविन जालीको मूल्य जिल्लादररेट अनुसार निर्धारण भएको दर अनुसार निर्माण कार्यमा प्रयोग भएको सम्बन्धित जालीको मूल्य नै राख्नुपर्नेमा औषत मूल्य राखेर भुक्तानी दिएको छ । जसले गर्दा तोकिएको दरभन्दा बढी भुक्तानी भएको छ । यसरी तोकिएको दरभन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ५९,७८५ |

| गो.भौ.नं. र मिति | योजनाको नाम | जालीको प्रकार | परीमाण(घमि) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 20-077/9/27 | वाईन्नाफाँटदेखी मालिका मन्दिर सडक निर्माण | 2*1*1 | 182 | 4335.34 | 4014.79 | 320.55 | 58340 |
| | | 1.5*1*1 | 10.5 | 4335.34 | 4197.95 | 137.59 | 1445 |
| | जम्मा | | | | | | 59785 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **प्लाष्टर कार्यमा भुक्तानी**<br>(189-075/3/18) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १-ख_ बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा करारको शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था छ ।भवनको नम्र्स (12-1ग) अनुसार 12.5 mm Thick 1:4 cement sand plaster work मा प्रति घ.मी. रु.395.19 को दर उल्लेख छ । भवनको तल्लो भाग, माथिल्लो भाग, टपमा गरेको 1:4 प्लाष्टर 106.80 व.मी. को रु.467.94 का दरले भुक्तानी भएको छ । नर्म्समा उल्लेख भएभन्दा बढी दर रु.72.75 ले भुक्तानी भएको देखियो । यसरी 106.80 व.मी. को रु.72.75 का दरले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | ७,७७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बढी परिमाण भुक्तानी**<br>(230-078/3/23) फेदी फलाटे मोटरबाटो निर्माण कार्यको Earth work calculation sheet मा चेनेजः 0+160 मा 102.13 घ. मी को 90% Hard soil र 30% Medium rock, 0+240 मा 131.25 घ.मी. को 80% Hard soil र 25% Medium rock, उल्लेख गरी भुक्तानी गरिएको छ ।work calculation sheet को आधारमा भुक्तानी गर्दा चेनेज 0+160 मा 20% (20.426 घ.मी) Medium rock, 0+240 मा 5% (6.563 घ.मी.) Medium rock को बढी भुक्तानी भएको देखियो । यसरी बढी परीमाण 26.99 घ.मी.को जिल्लादर रु.621.50 का दरले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | १६,७७४ |
| ४९ | | | **बढी भुक्तानी**<br>(211-078/3/21) उपल्लो कुलो मुहान निर्माण दुखुवेशीमा कुलो निर्माणको लागि 49 घन मिटरको म्यानुअलमा कडा चट्टानको दर रु.14,883.5 दरले जम्मा रु.7,29,291.00 भुक्तानी भएको छ । स्रेस्ता साथ पेस भएको फोटो तथा लेखापरीक्षणको क्रममा प्राविधिकसँग सोधपुछ गर्दा मध्यम चट्टान भएको भनाइ रहेकोले मध्यम चट्टानको म्यानुअल दर रु.3502.00 अनुसार भुक्तानी हुनुपर्ने देखिन्छ । मध्यम चट्टानको दर प्रयोग गर्नुपर्नेमा कडा चट्टानको दर प्रयोग गरेको कारणले बढी दर रु.11,381.50 पर्न गएको छ । यसरी 49 घ.मी.को रु.11,381.50 का दरले बढी भुक्तानी रु.5,57,693।- का सम्बन्धमा गाउँपालिकाबाट यकिन गरी असुल गर्नुपर्ने रु.<br> | ५५७,६९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>जिन्सीतर्फ<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५(२) अनुसार कार्यालयमा प्राप्त हुन आएको नगदी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग वा खर्च गर्नुहुदैन । नमुना परीक्षणको रुपमा जिन्सी शाखामा ३ वटा जिन्सी मालसामानको दाखिला र निकासा खर्चको विवरण परीक्षण गर्दा कुन प्रयोजनमा खर्च भएको नखुलाई एकमुषठ रुपमा खर्च जनाईएको देखियो। जिन्सी मालसामान इकाइ र वक्सलाई एकै किसिमले दाखिला गरिएको छ ।खर्च भएर जाने मालसामानहरु पूर्ण रुपमा सबै दाखिला नभएको, माग फाराम नभएको, वितरण भरपाई पनि पूर्ण रुपमा नभएको साथै जिन्सी सामानको वार्षिक प्रतिवेदन पनि तयार गरेको छैन । यसरी भएको खर्चले वास्तविक खर्च भएको सम्वन्धमा सुनिश्चित हुन सकिएन । तपसिलको विवरण अनुसारका मालसामान खर्च भएको वा वुझेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सामानको नाम</th><th>जिन्सि संकेत नम्बर</th><th>आम्दानी</th><th>भरपाई</th><th>बाँकी</th><th>औषत दर</th><th>जम्मा</th></tr>
<tr><td>त्रिपाल</td><td>6161401011</td><td>३०</td><td>०</td><td>३०</td><td>४८१०</td><td>१४४३००</td></tr>
<tr><td>जि.आई.तारजाली</td><td>6161701035</td><td>२९।४५</td><td>०</td><td>२९।४५</td><td>२३४५</td><td>६९०७०</td></tr>
<tr><td>एचडिपि पाईप</td><td>6161701101</td><td>6388</td><td>०</td><td>6388</td><td>२६९।७५</td><td>१७२३१६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१९३६५३३</td></tr>
</table>
( उक्त बेरुजु रकम रु १७९२२३३ कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको )</td><td>१४४,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **गाँउपालिका चालुतर्फ**<br>**भुक्तानीमा कर कट्टी**<br>:<br>323–२०७8/३/29 बासिन्दा व्याक्तिले नेपालमा स्रोत भएको सेवाशुल्कमा भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था आयकर ऐनको दफा ८८ मा व्यवस्था रहेको छ । यस पालिकालाई विपक्षी बनाई परेको रिट उपर बहस गरेवापत ममता देवी उपाध्यायलाई सेवाशुल्क 25000 भुक्तानी दिएकोमा 1.5 प्रतिशतले हुने रकम रु.250।- मात्र कट्टी गरेको देखिएकोले 15 प्रतिशतले हुने रकम रु.3,750।- मा 250 घटाएर हुन आउने रकम रु.3,500।- असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको ) | |
| ५२ | | | **खर्चको प्रमाण**<br>332-2078/3/30 सार्वजनिक निकायले खर्च लेख्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगेनपुगेको परीक्षण गरेरमात्र खर्च लेख्नुपर्ने र सोही बमोजिम स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । यस पालिकाले गाउँपालिका केन्द्रमा रहेका व्यवारिसे रुपमा रहेका व्यक्तिहरुलाई उद्धार गरी मानव आश्रम पोखरा लगिएको र सहयोग स्वरुप खाद्यन्न उपलब्ध गराएको भनी भान्जा सप्लायर्सबाट 30 बोरा चामल, 2 बोरा आलु, 5 बोरा दाल तथा लक्की ओम स्टोर्सबाट 1 बोरा चिनी, 10 बोरा सोयाविन, तेल, मसला, बेसार तथा पापड खरिद गरी दिएको भनी विल भुक्तानी दिएको तर मानवसेवा आश्रमले आलु, दाल, चिनी, सोयाविन, तेल, मसला र बेसार मात्र प्राप्त भएको भनेको र 30 बोरा चामल प्राप्तिको प्रमाण पेस हुनुपर्ने रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको ) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **दोहोरो भत्ता**<br>भ्रमण खर्च नियमावली, 2064 को नियम 7 को उपनियम 11 मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको भ्रमण अभिलेख मार्फत नमूना परीक्षण गर्दा भ्रमण अवधिमा समेत बैठकमा सहभागी भएको भनी बैठक भत्ता भुक्तानी लिएकोले दोहोरो भएको उक्त रकम असुल गर्नुपर्ने रु. | |

| नाम | भ्रमण भएको अवधि | भ्रमण स्थान | बैठकमा उपस्थित मिति | दिन | रकम |
|---|---|---|---|---|---|
| विष्णु प्रसाद पौडेल | 2077/12/24 देखि 12/26 | बेनी | 2077/12/24 बेलुका 6 बजे र 2077/12/25 | 2 | 3000 |
| सोम ब. के.सी | 2078/2/13 देखि 2/19 | पोखरा | 2078/2/14, 2/15, 2/16 | 3 | 4500 |
| | 2078/10/21 देखी 10/27 | निस्कोट | 10/25/2077 | 1 | 1500 |
| असोक रिजाल | 2078/2/20 देखी 2/23 | बेनी | 2078/2/21 र 2/22 | 2 | 3000 |
| सागर पौडेल | 2078/2/10 देखी 2/16 | पोखरा | 2/14/2078 | 1 | 1500 |
| | | | जम्मा | | 13500 |

( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको )



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>

**बढी दररेटमा खरिद**

सार्वजनिक निकायले सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउ वा प्रस्ताव माग गरी न्यून दररेट भएको सप्लायर्ससँग खरिद गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४_ मा व्यवस्था रहेको छ । यस गाउँपालिकाले सशर्त पुँजीगत अन्तर्गत गो.भौ.नं. 18–२०७8⁄3⁄18 बाट सौर्य प्रविधि जडान गर्नकोलागि ईन्भर्टर तथा बैट्री खरिद गर्दा सहारा इलेक्ट्रोनिक्स, माई स्मार्ट ट्रेडर्स र नयन तारा सप्लायर्स गरी तीन वटा फर्महरुबाट दररेट माग गरेको तर न्यून दररेट भएको फर्म सँग खरिद नगरी बढी दरभएको सँग खरिद गरिकएको देखिएकोले निम्न रुपमा बढी व्यायभार भएको रु.

<table>
<tr><th rowspan="2">सामानको नाम</th><th rowspan="2">परिणाम</th><th colspan="3">पेश भएको दर रेट भ्याट सहित</th><th rowspan="2">खरिद भएको दर भ्याट सहित</th><th rowspan="2">न्यून दररेट</th><th rowspan="2">फरक</th><th rowspan="2">रकम</th></tr>
<tr><th>सहारा इलेक्ट्रोनिक</th><th>नयन तारा सप्लायर्स</th><th>हाई स्मार्ट ट्रेडर्स</th></tr>
<tr><td>1700 VA इन्भर्टर</td><td>2</td><td>33194</td><td>34500</td><td>34200</td><td>33194</td><td>34200</td><td>-1006</td><td>-2012</td></tr>
<tr><td>1500 VA इन्भर्टर</td><td>2</td><td>25425</td><td>26100</td><td>26500</td><td>25425</td><td>26500</td><td>-1075</td><td>-2150</td></tr>
<tr><td>160 AH बैट्री</td><td>8</td><td>49280</td><td>50200</td><td>35500</td><td>49280</td><td>35500</td><td>13780</td><td>110240</td></tr>
<tr><td></td><td colspan="7">बढी व्यायभार भएको रकम</td><td>106078</td></tr>
</table>

</td><td>१०६,०७८</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>

**जिन्सी दाखिला**

प्रदेश आर्थकि कार्यविधि ऐन, 2074 अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई आम्दानी बाँधी स्रेस्ता खडा गर्ने र प्रयोग भएको परिमाण अधिकार प्राप्त अधिकारीबाट स्वीकृत माग फारमको आधारमा खर्च लेख्दै जानु पर्ने र बाँकी रहेको सामानको लगत अध्यावधी गरी राख्नु पर्ने व्यवस्था छ ।यस कार्यलयले सांघिय शसर्त पूँजीगत अनन्तर्गत सैर्य उर्जा प्रविधि अन्तर्गत निम्न परिमाणमा खरिद गरेको सामाग्री केही अंशमात्र दाखिला गरेको पाइएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>सामाग्रीको नाम</th><th>खरिद परिमाण</th><th>इकाई</th><th>खरिद दर</th><th>रकम</th></tr>
</table>

</td><td>२३३,७४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| फोटोकपी पेपर | 100 | रिम | 840 | 84000 |
| | 20 | रिम | 720 | 14400 |
| | 80 | रिम | 550 | 44000 |
| | 4 | रिम | 1260 | 5040 |
| रजिष्टर - 5 | 55 | वटा | 97.5 | 5362 |
| रजिष्टर - 6 | 55 | वटा | 113 | 6215 |
| बल पेन | 900 | वटा | 13.8 | 12420 |
| | 495 | वटा | 24.38 | 12068 |
| | 220 | वटा | 20 | 4400 |
| सेलो जेल पेन | 110 | वटा | 40 | 4400 |
| पाइलट पेन | 88 | वटा | 100 | 8800 |
| मार्कर पेन | 66 | वटा | 50 | 3300 |
| | 220 | वटा | 27 | 5940 |
| क्लियर ब्याग | 110 | वटा | 18 | 1980 |
| ग्लु स्टिक | 44 | वटा | 60 | 2640 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>25 के डायरी</td><td>88</td><td>वटा</td><td>98</td><td>8624</td></tr>
<tr><td>रिङ फाइल</td><td>98</td><td>वटा</td><td>104</td><td>10160</td></tr>
<tr><td>1700 VA इन्भर्टर</td><td>1</td><td>वटा</td><td>29375</td><td>29375</td></tr>
<tr><td>1500 VA इन्भर्टर</td><td>1</td><td>वटा</td><td>22500</td><td>22500</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>285624</td></tr>
</table>
( उक्त बेरुजु रकम रु. ५१८७५ कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको )
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
पारिश्रमिक कर<br>
आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले नपुग कर असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>पद</th><th>पदाधिकारीको नाम</th><th>वार्षिक आय</th><th>कर योग्य आय</th><th>कर रकम</th></tr>
<tr><td>अध्यक्ष</td><td>श्री प्रसाद रोका</td><td>601000</td><td>151000</td><td>24700</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>खरमाया विटालु</td><td>541000</td><td>91000</td><td>13600</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1142000</td><td>242000</td><td>38300</td></tr>
</table>
</td><td>३८,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सशर्त चालुतर्फ**<br>**न्यानो झोला वितरण**<br>:<br>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत रहेको आमा सुरक्षा ANC न्यानो झोला कार्यक्रममा 200 थान न्यानो झोला रु.1,79,800।- मा चिराग फार्मेसीबाट खरिद गरेको पाईयो । यसरी खरिद गरेका न्यानो झोलाहरु मध्ये 150 थान विभिन्न स्वास्थ चौककीबाट वितरण गरेको भरपाइ प्रमाण पेश भएको छ । बाँकी 50 थान न्यानो झोलाहरु स्वास्थ्य साखाको स्टोरमा रहेको देखिन्छ। बाँकी रहेको परिमाणलाई पछिल्लो आर्थिक वर्षमा अल्या गरी आम्दानी जनाई प्रभावकारी रुपमा उपयोग गर्नुपर्दछ । | |
| ५८ | | | **मुल्य अभिबृद्धि करमा दर्ता नभएकोसँग खरिद**<br>179।2078।3।25 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२० हजार भन्दा बढीको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले रेनकोट, जुत्ता तथा झोला खरिद वापत जेनिस फेन्सी स्टोर्सलाई मिति 2078।03।25 भौ. नं. 179 बाट रु.38,000।- प्यान विलका आधारमा 15 प्रतिशत अग्रिम कर कट्टी भुक्तानी गरेको छ। पालिकाले नियममा भएको व्यवस्थाको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **फोटोकपी बिल**<br>296।२०७8।०३।३० मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले आवधिक योजना तर्जुमा परामर्श सेवा लिएबापत एकाउन्टाविलिटी इनिसीएटीभ प्रा.लि. लाई रु.3,90,000।०० भुक्तानी गरेकोमा उक्त रकमको फोटोकपी विल संलग्न गरी भुक्तानी गरेकोले सक्कल विल पेस गर्नुपर्ने अन्यथा सक्कल विजक वेगर भुक्तानी भएको मू. अ. कर रकम असुल गर्नुपर्ने रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७९-२-२४ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योट गरिएको ) | |
| ६० | | | **नियम विपरीतको खर्च**<br>संघीय सरकारबाट हस्तान्तरित चालु (शसर्त) शीर्षकबाट स्वास्थ्य शाखा प्रमुख सन्तुकुमारी कार्की, जनस्वास्थ्य निरीक्षक राजेश थापामगर तथा योजना अधिकृत सोमबहादुर केसीले ३ वटा रेडमी नोट नामको मोवाइल खरिद गरी व्यक्तिगत कामका लागि प्रयोग गरेको पाइयो । यसरी अनावश्यक रुपमा पालिकालाई व्यभार हुने गरी खरिद गरेको नियमसम्मत नभएको रु. | ८७,९९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | |

| नाम थर | वार्षिक आय | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
